☎ ९८५४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**ढल्केबर, धनुषा**

स्थापना २०७३

प.स :- रोजगार सेवा केन्द्र २०७५।०७६ मिति :-२०७६/२/१६

च.न :- १०६१

विषय :- <u>कार्यक्रम संचालन गर्ने सम्वन्धमा ।</u>

**श्री सवै वडा कार्यालयहरु (१-११)**

**<u>मिथिला नगरपालिका ।</u>**

उपरोक्त सम्वन्धमा स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १९ को उपदफा ३ बमोजिम कामका लागि पारिश्रमिक ढाँचामा रोजगार आयोजना संचालन गर्न रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ (कार्यविधि श्रम, रोजागर तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाईट www.pmep.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने वा यस कार्यालयका रोजगार संयोजकबाट लिन सकिने) मिति २०७६।१।२२ मा स्वीकृत भएको व्यहोरा यहाँहरुलाई जानकारी नै छ। सो अनुसार देश भरीका ७५३ वटै स्थानीय तहमा रोजगार आयोजना संचालन गर्न बजेट विनियोजन भएको छ भने यसका लागि यस नगरपालिकामा समेत ३२ लाख बजेट विनियोजन भएको व्यहोरा अनुरोध गर्न चाहन्छु। बजेट विनियोजन भए अनुसार कार्यविधिको दफा ९ बमोजिमका आयोजनाका प्रकारहरुमा कार्य संचालन गर्नु पर्नेछ। यो कार्य संचालन गर्दा नगरपालिकामा स्थानीय निर्देशक समितले जाँचबुझ गरी सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई यस आर्थिक वर्ष भित्र श्रम प्रविधिमा आधारित रोजगारी दिनु पर्ने हुन्छ । रोजगार आयोजना संचालन गर्दा कूल लागतको वाह्य सामाग्री खरिदमा(अधिक्तम २५%), आयोजना सुपरभाईजरको खर्च र आयोजना व्यवस्थापन खर्च अधिक्तम ४%, कन्टिन्जेन्सी अधिक्तम १% र श्रमिकको ज्यालामा कम्तीमा ७०% रकम खर्च गर्नु पर्ने उल्लेख छ। अत: सवै व्यहोरा अवगत गरी कार्यविधि अनुसार हुने गरी बजेटको परिधि भित्र रही वडाहरु न्यूनतम ३ लाख र अधिक्तम ५ लाख सम्मका आयोजना संचालन गर्ने गराउने व्यवस्था हुन अनुरोध छ ।

(सही)
७६।२।१६
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार, काठमाडौं ।

श्री नगर प्रमुखज्यूको कार्यकक्ष

श्री उप-प्रमुखज्यूको कार्यकक्ष

श्री कार्यपालिका सदस्यज्यहरु(३)

श्री आर्थिक प्रशासन शाखा

श्री प्राविधिक शाखा

श्री सूचना प्रविधि शाखा : वेवसाईट/फेसबुक पेजमा अपलोड गर्नु हुन ।

मिथिला नगरपालिका ।